म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १८६ | शनिबार, ३ फागुन २०८१ | ने. सं. ११४५ सिल्लागा | 15 February 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्तरोन्नतिका लागि फाखेल-हुमाने सडक बन्द

हेटौंडा, २ फागुन/काठमाडौं-कुलेखानी-फाखेल-हुमाने सडक स्तरोन्नति गर्न शुक्रबारबाट बन्द भएको छ । अर्को सूचना जारी नभएसम्मका लागि सडक बन्द गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले बताए ।

उनले वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरेका छन् । कुलेखानी- सिस्नेरी, कान्तिलोकपथ, त्रिभुवन राजपथ, पूर्व-पश्चिम राजमार्ग यो सडकका विकल्प हुन् । काठमाडौंबाट हेटौंडा निस्कने छोटो दूरीको यो सडक स्तरोन्नतीको लागि भन्दै पटकपटक बन्द गरिँदै आइएको छ । यसअघि यो सडकको विकल्पको रुपमा रहेको हेटौंडा-कुलेखानी-सिस्नेरी-फर्पिङ सडक पनि स्तरोन्नतिको लागि बन्द गरिएको थियो ।

# कार्यसम्पादनमा बागमती तेस्रो, मकवानपुरका पालिकाले कति पाए अंक ?

सरला खनाल




हेटौंडा, २ फागुन/ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकनमा बागमती प्रदेश सरकार तेस्रो स्थानमा रहेको छ ।

सात प्रदेशमध्ये सुदूर पश्चिम प्रदेश पहिलो बनेको छ । तेस्रो बनेको बागमती प्रदेशले कार्यसम्पादन मूल्यांकनमा ४५ दशमलव ६ अंक पाएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तथ्यांक छ । पहिलो बनेको सुदूर पश्चिम प्रदेशले ५१ दशमलव ६ अंक पाएको छ । आर्थिक वर्ष २०७९/८० को कार्यसम्पादन मूल्यांकनमा सुदूरपश्चिम पाँचौं स्थानमा रहेको थियो । सुदुर पश्चिमले राम्रो सुधार गरेको हो ।

अघिल्लोपटक पहिलो भएको कोशी प्रदेश यसपटक दोस्रो भएको छ । कोशीले ५० दशमलव ९ अंक प्राप्त गरेको छ । ४१ दशमलव ६ अंक पाएको कर्णाली चौथो बनेको आयोगले सार्वजनिक गरेको तथ्यांकमा छ । ४० दशमलव ८ अंक पाएको गण्डकी पाँचौं र ३५ दशमलव ९ अंक पाएको लुम्बिनी छैटौं भएको छ । मधेश प्रदेश ३० अंक ल्याएर पुछारमा छ । आयोगले प्रदेशलाई विभिन्न १९ वटा सूचकका आधारमा कार्यसम्पादनको अंक दिएको हो ।

जसमा लेखापरीक्षण भएको रकम, कायम भएको बेरुजु, प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराए/नगराएको अवस्था, सवारीसाधन करबापत रकम सम्बन्धित स्थानीय सरकारको सञ्चित कोषमा दाखिला गरे/नगरेको लगायत विषय छन् । वार्षिक बजेट विनियोजन तथा खर्चको स्थिति, पुँजीगत बजेट र त्यसको खर्च, राजस्व संकलनको अवस्था, स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान, तोकिएको समयमा वार्षिक बजेट समीक्षा, प्रदेशको वायुको गुणस्तर, समुदायमा आधारित वन व्यवस्थापनलगायत सूचक तयार पारी मूल्यांकन गरिएको आयोगले जनाएको छ ।

सबै प्रदेशले सूचक-२ मा शून्य अंक पाएको आयोगले जनाएको छ । यो सूचकमा प्रदेश र स्थानीय तहलाई प्रदेश कानुनबमोजिम आयोगले तोकेको आधारमा सशर्त अनुदान प्रदान गरे/नगरेको विषय उल्लेख छ । आयोगले यही कार्यसम्पादनका आधारमा प्रदेश र स्थानीय तहका लागि राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान तथा रोयल्टी बाँडफाँट, सशर्त अनुदानको आधार एवम् आन्तरिक ऋणको सीमा निर्धारण गर्ने गर्छ ।

कार्यसम्पादन चित्त नबुझेमा एक हप्ताभित्र पुनरावलोकनका लागि निवेदन दिन पनि आयोगले आग्रह गरेको छ । स्थानीय तहहरुमा भने स्याङ्जाको कालीगण्डकी गाउँपालिका, धादिङको नेत्रावती डबजोङ गाउँपालिका, स्याङ्जाको आँधीखोला गाउँपालिका, काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकालगायत कार्यसम्पादन उत्कृष्ट देखिएका छन् ।

**मकवानपुरमा कुन पालिका कस्तो ?**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहहरुको पनि कार्यसम्पादक मूल्यांकन गरेको छ । जसमा मकवानपुरका १० वटा पालिकामध्ये थाहा नगर पालिका उत्कृष्ट बनेको छ ।

थाहाले आयोगको मूल्यांकनमा ७१ दशमलव ३ अंक प्राप्त गरेको हो । आयोगको मूल्यांकनमा सबैभन्दा कम अंक बकैया गाउँपालिकाको छ । बकैयाले ४५ दशमलव ९ अंक पाएको छ । जिल्लामै मनहरी गाउँपालिकाले दोस्रो स्थान लिएको छ । मनहरीले ६७ दशमलव ३ अंक पाएको छ । मकवानपुरगढी गाउँपालिकाले ६७, कैलाशले ६६ दशमलव ३, राक्सिराङले ६३ दशमलव ९, हेटौंडाले ६२ दशमलव ५, बागमती गाउँपालिकाले ६०, इन्द्रसरोवरले ५७ दशमलव २ र भीमफेदी गाउँपालिकाले ५० दशमलव ७ अंक पाएको प्रतिवेदनमा उल्लेख छ ।

आयोगको मूल्यांकन रिर्पोटअनुसार अधिकांश स्थानीय सरकारबाट तथ्यांक उपलब्ध हुनै मुस्किल देखिएको छ । जसले गर्दा ती तहहरुको कार्यसम्पादन मूल्यांकनमै असर परेको छ । स्थानीय तहको प्रयोजनका लागि भने १७ वटा सूचकमा आधारित भएर मूल्यांकन गरिएको हो । संघीय सरकारले विनाशर्त प्रदेश र स्थानीय तहमा पठाउने वित्तीय समानीकरण अनुदान सिफारिस गर्न आयोगले एक मापक कार्यसम्पादन मूल्यांकनलाई बनाएको छ ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थपियो सिट

साझाकुरा संवाददाता




हेटौंडा, २ फागुन/ चिकित्सा शिक्षा आयोगले स्नातकोत्तर तह (पीजी)मा सरकारी स्वामित्वमा रहेका प्रतिष्ठान तथा कलेजमा गरेर २३१ सिट संख्या थप गरेको छ ।

सिट संख्या थप गर्ने निर्णय गर्दा हेटौंडाको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको पनि सिट थप भएको छ । यसअघि ९ वटा सिट मागेको प्रतिष्ठानलाई आयोगले एक सिट मात्रै दिएको थियो । प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको आयोगको १७ औं बैठकले १४ वटा संस्थामा सिट संख्या थप गर्ने र चारवटामा घटाउने निर्णय गरेको छ । बैठकले प्रदेशका दुई प्रतिष्ठानमा २२ सहित १४ वटा संस्थामा २३१ सिट थप गर्ने निर्णय गरेको हो ।

आयोगले गत साता एक सिट मात्र दिएको भनिएको हेटौंडास्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि सिट संख्या थप भएको हो । १७ औं बैठकले मदन भण्डारी प्रतिष्ठानलाई आठ सिट दिने निर्णय गरेको हो । आयोगले यसअघि बागमती प्रदेश सरकारले प्राथकितामा राखेको प्रतिष्ठानलाई जनरल प्राक्टिस एन्ड इमरजेन्सी मेडिसिन (एमडिजिपी) मा एक सिट मात्र उपलब्ध गराएको हो । प्रतिष्ठानले आयोगले तोकेको मापदण्ड भित्र रहेर विभिन्न ९ वटा विषयमा १८ वटा सिट माग गरेको थियो ।

आयोगबाट अनुगमनका लागि गएको विज्ञटोलीले पनि प्रतिष्ठानको निरीक्षणपछि कक्षा सञ्चालन अनुमति दिन उपयुक्त रहेको सिफारिस गरेको थियो । प्रतिष्ठानले अब्सटेट्रिक्स एन्ड गाइनो, ईन्टर्नल मेडिसिन, जेनेरल सर्जरी, एमडिजीपी, पेडियाट्रिक्स, एनेस्थेसियोलोजी, फार्माकोलोजी/क्लिनिकल फार्माकोलोजी, अर्थोपेडिक्स, अर्थोपेडिक्स एन्ड ट्रमा सर्जरी र पेरिडोन्टोलोजी एन्ड ओरल इम्प्लान्टोलोजीका लागि सिट माग गरेको उपकुलपति डा. प्रदीप ज्ञवालीले जानकारी दिए । प्रतिष्ठानमा बिएससी नर्सिङ, बिपीएच, ब्याचलर ईन फार्मेसी र बिएससीएमएलटी गरी ४ वटा विषय अध्ययन अध्यापन भइरहेको छ ।

प्रतिष्ठान मातहत रहेको हेटौंडा अस्पतालमा दैनिक १५ सय भन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् । हेटौंडा अस्पतालको पूर्वाधार विकासका लागि एकअर्ब ३१ करोड रुपैयाँ लगानी भईसकेको छ । अस्पतालले थप २ सय शैया सञ्चालन गर्न मिल्नेगरी पूर्वाधार विकास गरेको छ । बागमती प्रदेश सरकारले प्रतिष्ठान सञ्चालनका लागि वार्षिक २४ करोड रुपैयाँ लगानी गरिरहेको छ । हाल ३ सय ५० विद्यार्थी अध्ययनरत रहेको प्रतिष्ठानमा ४२ जना प्राध्यापक कार्यरत छन् ।

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित



☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्यॉस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# स्वतन्त्र पत्रकार संघमा घिमिरेको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ स्वतन्त्र पत्रकार संघ मकवानपुरको अध्यक्षमा राजन घिमिरे सर्वसम्मत चयन भएका छन् । शुक्रबार भएको चौथो अधिवेशनले घिमिरेको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो ।

संघका अध्यक्ष गोकुल अधिकारीको अध्यक्षतामा सम्पन्न अधिवेशनमा केन्द्रीय उपमहासचिव सुरेश श्रेष्ठको विशेष उपस्थिति रहेको थियो । नवगठित कार्यसमितिमा अध्यक्ष घिमिरेसँगै समितिको उपाध्यक्षमा रवीन्द्र कार्की, सचिवमा बसन्त भण्डारी, कोषाध्यक्षमा अस्मिता भट्टराई चयन भए । संघको सदस्यमा सुमिना चौलागाई, प्रमोद सहनी र नवीन चौधरी सदस्य चयन भएका छन् ।

नवनिर्वाचित अध्यक्ष घिमिरेले स्वतन्त्र पत्रकारिताको प्रवर्द्धन, पत्रकारको हकहित संरक्षण तथा संघलाई थप प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गरे । घिमिरे रेडियो थाहा सञ्चारमा कार्यरत रहनुका साथै खबरसहकारी डटकमका सम्पादक छन् । संघको गतिविधिलाई व्यवस्थित गर्दै नियमित बैठक, पत्रकारिता तालिम, कानुनी सहायता तथा डिजिटल प्रवर्द्धनलाई प्राथमिकता दिने उनले बताए । पत्रकारको पेशागत सुरक्षाका लागि संघ अझ क्रियाशील बन्नुपर्ने आवश्यकता घिमिरेले औंल्याए ।

# हुप्रचौरमा जारी खेलकुद महोत्सवको उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ हेटौंडा उपमहानगरपालिकाको ४ नम्बर वडा कार्यालयको आयोजनामा जारी दोश्रो खेलकुद महोत्सव-२०८१ को शुक्रबार औपचारिक उद्घाटन गरिएको छ ।

९ माघबाट भइरहेको खेल महोत्सवको शुक्रबार हेटौंडा-४, स्थित हुप्रचौरमा बागमती प्रदेशसभा सदस्य एवम् प्रदेशका पूर्व खानेपानी, उर्जा तथा सिचाई मन्त्री एकालाल श्रेष्ठले उद्घाटन गरे । उनले विद्यालय तहबाटै विद्यार्थीमा खेल भावनाको विकास गर्नुपर्नेमा जोड दिए । खेल क्षेत्रको उचित व्यवस्थापन र विकास गर्नसके भावी दिनमा राष्ट्रिय खेलाडी उत्पादन गर्न सकिने उनले बताए ।

कार्यक्रममा बोल्दै हेटौंडा-४ का वडाध्यक्ष नविन सिग्देलले ठूला भौतिक संरचना मात्रले विकासलाई पूर्णता दिन नसकिने उल्लेख गरे । उनले शिक्षा र खेलकुदको माध्यमबाट विद्यार्थीको शारीरिक, बौद्धिक विकास गराउनु आजको आवश्यकता रहेको बताए । कार्यक्रमको अबसरमा खेल व्यवस्थापन गर्ने विद्यालयलाई खेल सामग्री समेत हस्तान्तरण गरिएको थियो ।

आधुनिक राष्ट्रिय माविले भलिबल, भुटनदेवी माविले क्रिकेट र नवोदय शिशुसदनले बास्केटबल प्रतियोगिताको व्यवस्थापन गरेको हो । कार्यक्रममा शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ का अध्यक्ष श्रीराम दाहाल, उपमहानगरपालिका पूर्वनगरप्रमुख हरिबहादुर महत, वडा-५ का वडाअध्यक्ष सुशील घिमिरे, वडा-१० का वडाध्यक्ष फूर्वादोर्जे लामालगायतको सहभागिता रहेको थियो ।

|| बिशेष आकर्षण ||



हेटौंडा आईडल

हेटौंडा आईडल

Construction Expo-2

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु

☞ निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞ बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞ सूचना प्रविधि प्रदर्शनी ।
☞ कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞ दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞ शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞ मनोरञ्जनात्मक बाल उद्यान ।
☞ नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अब आइफोनका चिनियाँ प्रयोगकर्तालाई अलिबाबाको एआई

चिनियाँ आइफोन प्रयोगकर्ताहरुका लागि आर्टिफिसियल इन्टेलिजेन्स सेवा उपलब्ध गराउन एप्पलले चिनियाँ कम्पनी अलिबाबासँग सहकार्य गर्ने भएको छ । यो सहकार्यले एप्पललाई उसको निकै महत्वपूर्ण बजार चीनमा उपस्थिति झनै दह्रिलो बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । जहाँ स्थानीय ब्राण्डहरुसँगको प्रतिस्पर्धाका कारण आइफोनको बिक्री निरन्तर घटिरहेको छ ।

अलिबाबा ग्रुपका अध्यक्ष जोए साइले दुबईमा आयोजित विश्व सरकार सम्मेलनका क्रममा आइफोन एआईको क्षेत्रमा अलिबाबा र एप्पलबीच सहकार्य हुन लागेको पुष्टि गरे । सम्मेलनमा बोल्दै साइले भने, 'उनीहरुले धेरैवटा चिनियाँ कम्पनीसँग कुराकानी गरे । अन्त्यमा व्यवसायका लागि हामीहरुलाई छनोट गरे । उनीहरुले आफ्नो आइफोनमा हाम्रो एआई राख्न चाहेका छन् । हामी एप्पलजस्तो विशाल कम्पनीसँग व्यवसाय गर्न पाउँदा गौरवान्वित छौँ।'

चीन बाहिर आइफोनमा एप्पलको आफ्नै एआर्य तथा ओपन एआईको च्याट जिपिटी समेत प्रयोग गर्न पाउने सुविधा छ । तर चीनमा अलिबाबा र एप्पलबीचको सहकार्यमा पनि त्यस्तो सुविधा हुने नहुने बारेमा उनले केही खुलाएनन् ।

**अलिबाबाका लागि यो किन महत्वपूर्ण छ ?**

एप्पलसँगै यो सहकार्य अलिबाबाका लागि समेत प्रतिस्पर्धी चिनियाँ एआई बजारमा एउटा महत्वपूर्ण विजयको रुपमा रहेको छ, जहाँ डीपसीक लगायतका चर्चित एआई कम्पनीहरु रहेका छन्। त्यस्तै अलिबाबासँग एआईको क्षेत्रमा भएको सहकार्यबाट चिनियाँ आइफोन प्रयोगकर्ताका




लागि उपलब्ध हुने नयाँ एआई एप्पलका लागि समेत अत्यन्तै महत्वपूर्ण विषय हो ।

यसले हुवावे लगायतका स्मार्टफोनका कारण चिनियाँ बजारमा आइफोनको घट्दो बिक्रीमा सुधार ल्याउने अपेक्षा गरिएको छ । पछिल्लो त्रैमासिकमा चीनमा आइफोनको बिक्रीमा ११ प्रतिशतले गिरावट आएर १८ अर्ब ५१ अर्ब डलरमा झरेको छ । जबकि चीनमा गतवर्ष २०२४ मा आइफोनको वार्षिक बिक्रीमा १७ प्रतिशतले गिरावट आयो ।

आइफोनले चिनियाँ बजारमा लोकप्रियता गुमाउँदै जानुमा यसमा अत्याधुनिक एआई फिचरहरुको अभाव हुनुलाई विश्लेषकहरुले मूख्य कारक मानेका छन् । वर्तमानमा स्मार्टफोनहरुका लागि एआई फिचर सबैभन्दा महत्वपूर्ण आकर्षणको रुपमा स्थापित भइसकेको छ ।

आइफोनमा च्याट जिपिटी भएतापनि यो चीनमा प्रतिबन्धित भएकाले उपलब्ध छैन। त्यसैले चिनियाँ प्रयोगकर्तामाझ आइफोनमा एआई फिचर उपलब्ध गराउनका लागि एप्पलले स्थानीय एआई कम्पनीसँग सहकार्य गर्नु अनिवार्य थियो । आइफोनमा अलिबाबाको एआई फिचर समावेश गर्ने विषयमा एप्पल र अलिबाबाले चीनको सम्बन्धित निकायमा स्वीकृतिका लागि कागजात पेश गरिसकेको बताइएको छ ।

स्मरण रहोस् चीनमा अलिबाबा कम्पनी धेरैको रोजाइमा पर्न सफल एआई कम्पनीको रुपमा रहेको छ र सन् २०२५ सुरु भएयता यसको शेयर मूल्यमा ४० प्रतिशतले बढेको छ । जनवरीको अन्त्यतिर अलिबाबाले आफ्नो त्तधभल द्द।छ एआई मोडेल जारी गरेको थियो । यो डीपसीक भी थ्री भन्दा पनि अत्याधुनिक रहेको बताइएको छ ।

**स्वास्थ्य शिक्षा**

# मधुमेहले मानसिक स्वास्थ्यमा प्रभाव पार्छ ?

शान्त रहने व्यक्ति अचानक सानो कुरामा रिसाउने, दिक्क हुने, झर्किने र अँध्यारो मुख लगाउने हुँदै गएमा जो कोही पनि छक्क पर्न सक्छ । यदि सो व्यक्ति लामो समयसम्म मधुमेहको समस्याबाट गुज्रिरहेको छ भने त पक्कै पनि यसको प्रभाव परेको हुनसक्छ । सामान्यतया रगतमा ग्लुकोजको मात्रा बढी हुने अवस्था मधुमेह हो । जसरी मधुमेह भएकाहरूमा यसको मात्रा बढी भएमा अंगहरु क्षति हुने, मोटोपन, मुटुसम्बन्धी लगायतको जोखिम हुन्छ । ठीक सोही प्रकारले मानसिक स्वास्थ्यमा समेत प्रभाव पार्छ ।

**कसरी मानसिक स्वास्थ्यमा प्रभाव पार्छ ?**

मधुमेह र मानसिक स्वास्थ्यबीचको सम्बन्धलाई बुझ्न दुवै पक्षको गहिराइमा जान आवश्यक छ । मधुमेह भएका कतिपय व्यक्तिलाई तनावले घेर्छ । किनकि, एकातर्फ यो औषधि उपचारपछि पुन: रूपमा ठीक हुने रोग होइन । यसलाई नियन्त्रण गर्नुपर्छ ।

नियमित रूपमा रक्त ग्लुकोजको स्तर जाँच्नुपर्ने, औषधि लिनुपर्ने र खानपानमा ध्यान दिनुपर्ने हुन्छ । यही व्यवस्थापन तथा नियन्त्रण दिनहुँजसो गरिरहनु व्यक्ति हैरान हुनसक्छ । यी चुनौतीहरूले गर्दा व्यक्ति निराश, चिन्तित वा अवसादमा पर्न सक्छन् । यस्तो झन्झटिलो प्रक्रियाबाट छुट्कारा नहुने चिन्ताले उनीहरूलाई सताउन सक्छ ।

अर्कोतर्फ उनीहरुमा शारीरिक हल्का लक्षण देखियो भने मधुमेह बढेर केही पो भइहाल्ने हो कि, यो खानेकुरा खाँदा मधुमेह बढ्न सक्छ, कति खाइरहने दिनकै यस्ता औषधि भन्ने जस्ता चिन्ता भइरहने हुनसक्छ । यस्तो चिन्तालाई चिकित्सकले मधुमेह सम्बन्धित चिन्ता अर्थात् डायबिटिज रिलेटेड डिसट्रेस र डायबिटिज वर्नआउटको नाम दिएका छन् । यही चिन्ताले अत्यधिक सोचेर डिप्रेसनमा समेत मानिस पुग्न सक्छ ।

अध्ययनमा उल्लेख भएअनुसार इन्सुलिनमा भर पर्न आवश्यक नरहेका टाइप २ भएका पाँच जनामध्ये एक जनामा र इन्सुलिन लिइरहेका ६ जनामध्ये एक जनामा डायबिटिज रिलेटेडडिसट्रेसको समस्या देखिन्छ । त्यस्तै, हाम्रो मुडसँग उच्च र निम्न ब्लड सुगर वा ग्लाइसेमिकबीच सम्बन्ध हुन्छ । खराब ग्लाईसेमिक नियमनको लक्षण मानसिक स्वास्थ्यको लक्षण जस्तै, झर्को लाग्नु, अत्यधिक चिन्ता हुने लक्षणसँग मिल्दोजुल्दो छ । किनकि हाम्रो मस्तिष्क ग्लुकोजको आधारमा चल्छ ।

मधुमेह नियन्त्रित छ भने कुनै समस्या हुँदैन । तर मधुमेह घट्ने र बढ्ने भइरहेमा



मुडमा तीव्र रूपमा परिवर्तन आउँछ । जसको प्रभाव घरपरिवारको सदस्य र नातेदारबीचको सम्बन्धमा पर्न सक्छ । ब्लड सुगर कम हुँदा एन्जाइटी, कुनै कुराको भय र भ्रम उत्पन्न हुने हुन्छ । ब्लड सुगर उच्च हुँदा उसलाई भोक नलाग्ने, समन्वय शक्ति तथा एकाग्रताको क्षमता, निर्णय लिनुमा कठिनाइ, आक्रामक स्वभाव, अधैर्यता र निद्रा नआउने जस्ता लक्षण अनुभव हुन्छ ।

**मानसिक समस्या भएकालाई मधुमेहको जोखिम**

चिन्ता, तनाव वा अवसाद जस्ता मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिले पनि बिस्तारै खानपान तथा जीवनशैलीमा ध्यान दिन सक्दैनन् । कम शारीरिक गतिविधि, खानपानको तालमेल नमिल्नु, एकोहोरिनु, अनियमित निद्रा जस्ता समस्या उनीहरूले अनुभव गर्न सक्छन्, जसले मधुमेहको जोखिमलाई बढाउँछ । साथै, उनीहरूमा अनावश्यक चिन्ता लगातार बढ्दा कोर्टिसोल हर्मोनको मात्रा अत्यधिक बढ्छ । फलस्वरुप, हर्मोनल सन्तुलनमा प्रभाव पार्न सक्छ, जसले बल्ड सुगरको नियमन तथा नियन्त्रणमा समस्या ल्याउँछ ।

**यौन जीवनमा प्रभाव**

मधुमेह अत्यधिक मात्रामा बढिरहेको छ भने यौन जीवनलाई समेत प्रभावित पार्न सक्छ । महिलामा योनीमा सुक्खापन, पुरुषमा उत्तेजना कम हुनु वा शीघ्र स्खलन हुने समस्या भएमा उनीहरू यौन जीवनमा खुसी हुन सक्दैनन् । यही सोचले पनि उनीहरूमा बिस्तारै मानसिक समस्याले सताउन सक्छ । सेन्टर अफ डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सीडीसी) अनुसार मधुमेह भएकालाई मधुमेह नभएकाहरूको तुलनामा दुईदेखि तीन गुणा बढी डिप्रेसन हुने सम्भावना हुन्छ । तीमध्ये २५ देखि ५० प्रतिशतमा मात्रै डिप्रेसनको पहिचान र उपचार हुन्छ ।

**मानसिक स्वास्थ्यमा प्रभाव परेको कसरी पहिचान गर्ने ?**

स-साना झर्किनु, आत्तिनु, रातभर ननिदाउनु, अरुको कुरा सुन्दै नसुनी आक्रामक हुन, उदास हुनु, केहीमा पनि मन नलाग्नु, निराशावादी हुनु, थाकेको अनुभव हुनु, अत्यधिक खाने वा खाँदै नखाने जस्ता लक्षण देखिन्छ । यीमध्ये धेरै लक्षण दैनिकीमा देखिए मानसिक समस्या भएको बुझिन्छ ।

**मधुमेह भएकाले मानसिक स्वास्थ्य कसरी व्यवस्थापन गर्ने ?**

मानसिक रूपमा समस्या भइरहेको छ भने चिकित्सकलाई बताउनुपर्छ । ताकि, चिकित्सकलाई मधुमेह र मानसिक स्वास्थ्यमा परेका प्रभावलाई ध्यानमा राखी दुवै समस्याको समग्र रूपमा मूल्यांकन गर्न सहज होस् ।

**थेरापी**

मधुमेह भएकाहरूमा मुड स्विङ, चिन्ता, थकान, तनावले सताइरहेको छ भने थेरापीले यो अवस्था सुधार गर्छ । सो थेरापी मनोविज्ञ वा मनोचिकित्सकले दिन सक्छन् । थेरापीमा दिमागलाई आराम गर्ने र मधुमेह व्यवस्थापन प्रविधिहरू समावेश हुन्छन्, यी मार्फत भावनात्मक नियमन कायम रहन्छ । साथै तनाव पनि कम हुन्छ । मनमा चलेको विचलन पोख्नुहोस् । तनाव, चिन्ता जस्ता भावनाहरू अनुभव भएमा नजिकको व्यक्तिसँग पोख्न सकिन्छ । यसरी भावना पोख्दा मन त हल्का हुन्छ नै उनीहरूले पनि जीवनोपयोगी सल्लाह दिन सक्छन् । सकिन्छ भने परिवारमा पनि यी समस्या भन्नुपर्छ । ताकि, उनीहरूले पनि समस्या बुझेर सोही अनुसारको व्यवहार गर्न सकुन् ।

**नियमित रूपमा ब्लड सुगर परीक्षण**

अनियन्त्रित मधुमेहले मस्तिष्कलाई प्रभाव पार्ने भएकाले रगतमा ग्लुकोजको मात्रा नियमित रूपमा जाँच गर्नुपर्छ । ताकि, यसमा अचानक कुनै उतारचढाव नआओस्, जसकारण मानसिक स्वास्थ्य अवस्थाको सामना गर्नुपरोस् ।

**निद्रा र शारीरिक गतिविधि**

सातदेखि आठ घण्टा सुत्नु र शारीरिक क्रियाकलापमा सहभागी भई आफूलाई शारीरिक रूपमा सक्रिय राख्दा रगतमा ग्लुकोजको मात्रा लगायत मानसिक अवस्था सुधार्न पनि मद्दत गर्छ । उचित निद्राले उच्च रक्तचाप नियमन गर्नुका साथै मुड बुस्टर पनि गर्छ ।

**जीवनशैली परिवर्तन**

स्वस्थ आहार, नियमित व्यायाम, पर्याप्त निद्रा र ध्यान जस्ता जीवनशैलीका विकल्पले मधुमेह र मानसिक स्वास्थ्यलाई सुधार गर्न मद्दत पुऱ्याउन सक्छ ।

**औषधिको प्रयोग**

आवश्यक परेको खण्डमा चिकित्सकले मधुमेह र मानसिक स्वास्थ्यका लागि उपयुक्त औषधि सिफारिस गर्न सक्छन् । औषधिको उपयोगले रोगलाई नियन्त्रणमा राख्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

**साहित्य**

हास्यव्यंग्य

# एउटा माइकको आत्मकथा

✍ विश्व विनोद

समय बदल्दै जाँदा मेरो स्वरुप परिवर्तन भएछ तर काम भने एउटै छ, सानो आवाजलाई ठूलो बनाउनु । उ बेला नेताज्यूले मलाई बोकी बोकी गाउँ डुलाउनु हुन्थ्यो । भाषणले जनता भुलाउनु हुन्थ्यो । कहिले बोकिएर गएँ, कहिले उनीहरूको हातमा चढेँ, कहिले काँधमा चढेँ । म पराधिन थिएँ र छु पनि (नेपाल जस्तै) । हो म स्वचालित छैन (नेपाल जस्तै), मलाई चलाउन अर्कैको आवश्यकता पर्छ (नेपाल जस्तै) । न आफ्नो कुरा बोल्न सक्छु न खोल्न सक्छु । (नेपालको पनि यस्तै हविगत छ रे ! हो ? तपाईलाई थाहा होला.....) नेताजीले जे बोले म निर्देशित पारामा उही बोल्दै गएँ ।

उनीहरूले २००७ साल वरपर भाषण गर्दा मलाई अन्यन्त रौनक जाग्यो, म कहाँ कहाँ जन्मे तर म आएको देश बन्छ, विकसित हुन्छ भनेर म अमुक पाराले चकित हुन्थे । ती डल्ले नेताले मेरो घाँटी बटारेर भाषण गरेका थिएँ भने ती अग्ला नेताले मेरो घाँटी तिनिक्क तन्काएर रन्कदै भाषण गरेको मेरो मानसपटलमा ताजै छ । आज जस्तै लाग्छ तर सम्झदा लाजै लाग्छ ।

समय घर्कदै गयो, मलाई राणाले पनि प्रयोग गरे, प्रजातन्त्रवादीले पनि प्रयोग गरे, मलाई गणतन्त्रवादीले पनि प्रयोग गरे । हो म समय अनुसार प्रयोग भएँ, म एक वेश्या जस्तै भएँ । मेरै तालुमा आएर तिन ठूलाठूलाले तालु छाम्दै र काम्दै देशको लागि साम्यवाद, पूँजीवाद, समाजवाद आदिका भाषण गरेको सम्झन्छु । मेरै प्रयोगले धेरैले आसन ग्रहण गरे, भाषण ग्रहण गरे तर रासन ग्रहण गर्ने जनताले गर्न पाए, पाएनन् थाहा पाएको भने छैन ।

उ बेलामा क्रान्तिको विगुल फुक्नेले गाउँमा गएर गाउँ गाउँबाट उठ, वस्ती वस्तीबाट उठ भन्ने नारा लगाएका एक जुँगेमुठे नेताले निकै दमदार भाषणले जनतालाई उठ, उठ भनेर गीत गाए, एक जुगमा एक दिन आउँछ भनेर जनतालाई उठाए मेरै प्रयोगबाट तर उन्का विपक्षले मलाईनै प्रयोग गरेर भने- 'गाउँवस्तिबाट उठ भनेर नारा लगाउने आफै आठ लाखको खाट किनेर सुतेछन् ।' लौ भन्नोस् त, नेतालाई निद्रा प्यारो कि जनता ?

मेरो सही सदुपयोग भयो भएन म जान्दिन तर जिन्दावाद र मुर्दावादका चर्का नाराले मेरो दाह्रा किटि्कटाउँछ । जब यस्ता वादका आर्तनाद सुन्छु मेरो प्रयोगबाट देश बरबाद भएको बुझ्छु । तर मलाई त फलानो पार्टीको मुखपत्र भईस्, तँ जनजातिको मुखपत्र भइस्, तँ नजातिको मुखपत्र भइस् भनेर लान्छना लगाउँदा मेरो मथिंगलमा अरिंगालले टोकझैँ लाग्छ । यस्मा मेरो के दोष ? मलाई चलाउने अर्को छ, न म आफ्नो आवाजमा बोल्न सक्छु न म आफैले चाहे जस्तो बोल्न सक्छु ।

हो म प्रत्येक ठूला आन्दोलनमा प्रयोग हुँदै आएँ । आन्दोलनमा नारा एकथरि लाग्थे तर व्यवहार र पारा अर्कै भएको कुरा साराले मैमार्फत भन्थे । एजेन्डा फेरेर वितण्डा मच्चाए विपक्षीले मेरै प्रयोगबाट भनेका हुन् । कहिलेकाहिँ म यी नेताज्यूको रिसको झोँक फेर्ने भाँडो भएको छु । ती सदनमा म लगायत धेरै माइक तोडफोड भयो आखिर आफै आएको थाल्मा सुसु गर्नेहरू न परे । यत्रो वर्षसम्म यिनको भाषण सुन्दा पुरानो बोलत नयाँ रक्सी भन्या झैँ पुरानै पाराको भाषण रिमिक्स गरेर भन्या झैँ लाग्छ । यस वर्ष पनि चुनाव हुने भएछ, अब मलाई सुर्ता लागिरहेछ फेरि मैले यी नेताको ढँटुवा र उधारो भाषण सम्प्रेषण गर्नु पर्ने कुराले निद्रा लागिरहेको छैन ।

माइक बन्नु आफैमा पीडा हो, नेताका झुठ्ठा भाषण भन्नु झन् पीडा हो । ईजिप्टियन मिथकमा जुपिटरले इकोलाई सरापेपछि इको आफ्नो आवाजमा बोल्न नसके जस्तै म पनि आफ्नै आवाजमा बोल्न सक्दिन । म सोच्छु मलाई प्रयोग गर्नेहरूको जवीनशैलीमा कति परिवर्तन आएछ भनेर अनि चकित र थकित मात्र हैन दु:खी पनि हुन्छु ।

उ बेलामा नेपाली ढाका टोपी घेराभरी फाटेको लगाएर भाषण गर्ने पनि यिनै नेता हुन् । जीवनभर माइकमा बोल्न बाहेकको पेशा अपनाए पनि खै यी नेताज्यूको आर्थिक अवस्थामा कसरी सुधार आएछ कुन्नी आज उन्को टोली झिलिक्क परेर टिलिक्क टल्कने भा'को छ । उफ् उफ् उनले दाँत माझ्ने मञ्जन नभएर दाँतै नमाझी भाषण गर्दा मेरो नाकले यति सास्ति पा'को थियो कि म त झण्डै ठाम्को ठाम् झण्डै बेहोस भा'को । तर अचेल उनको मुखमा गन्धको साटो बासना आउन थालेको छ ।

मेरै तालुमा आएर देश विदेशका परिवर्तनका कुरा सुनाउने गर्थे यी नेताले धेरै अघिदेखि तर आजसम्म तिनै थोत्रा मुखले हामीले परिवर्तन गऱ्यौं पो भनेर भाषण गर्छन् गाँठि ! हैन यी नेताले माइकमै बोल्नु छ भने दोस्रो भाषणमा किन देश परिवर्तन भएन हँ ? तपाई भन्नु होला विकास भनेको जादूको छडी हो र ? आजको भोलि विकसित हुनलाई तर म माइक भएर बोल्न नसकेको भएर मात्रै हो नत्र मैले सोध्थेँ होला यत्रो आधा शताब्दी त भो नि ! तिमीले म मार्फत् भाषण ठोकेको खै ? परिवर्तन गरेको ?

व्यवस्था परिवर्तन हुनु विकास हैन । निकास मात्र होला तर व्यवस्था परिवर्तन भएर वेवास्ता हुनु विडम्बना हो । मान्छे कति स्वार्थी हुन्छ भन्ने कुराको प्रमाण बोकेर म ठिङ्ग उभिन्छु, अनि यिनीहरूको लिङ्ग सम्झन्छु । हरे दैव ! हिजो कसैलाई सत्तोसराप गर्न मलाई नै धराप बनाउनेहरू भोलि मै मार्फत मंगलगान र जय गान गाउने मान्छे यिनै हुन् । यौटा दल चाहार्दै हिड्ने वेश्या नेताले मलाई भाषणको बेला निकै सुम्सुम्याउँछन् तर उन्को भाषण सुन्दा मलाई लाग्छ, थुक्क उन्ले पार्टी परिवर्तन गरेछन् तर सोच परिवर्तन गरेनछन् । उनका भाषणहरू पुराना बोतलमा नयाँ रक्सी राख्याभन्दा कम थिएनन् ।

उन्का भाषणमा अचेल विदेशी लय र लवज आएको देख्छु । कनिकुथी बोल्ने नेताज्यू आजकल ज्यू हजुरको भाषण गर्न खप्पिस हुनुभा'को छ । म मेरा वक्ताहरूलाई यौटा च्यालेन्ज के दिन चाहन्छु भने उनीहरूले जनताको अघि फूर्ति लाए पनि मेरो अघि नलगाउनको साक्षी मै हुँ, प्रत्येक परिवर्तनको, प्रत्येक भाषणको साक्षी मै हुँ ।

एक दिनको घट्नाले मलाई निकै हसाउँछ । यी नेताको हविगत देखेर । म पनि निकै आत्म स्वाभिमान खोज्छु तर कहिलेकाहिँ दिग्भ्रमित हुन्छु । एकदिन एउटा भाषणको आयोजना गरियो । तपाईलाई थाहै होला आजकलको भाषण कस्तो हुन्छ भनेर । आसन ग्रहण पछि भाषण ठोक्यो अर्काले के भन्ने नसुनि कनै कुलेलम ठोक्यो । आजकलका भाषण मात्र औपचारिकता निर्वाह गर्ने मात्र हुन् । हो त्यस्तै भयो, त्यो दिन पनि जो जो बोल्ने थिए, सबै भन्दै कुलेलम् ठोके, अन्त्यमा त स्रोता भन्दा मञ्चमा पो धेरै मान्छे भएछन् । म झसङ्ग झस्किएँ किनकि त्यहाँ त कोही थिएनन् । तै त्यो पत्रकारले थाहा पाएनछन् । मलाई त्यस दिन निकै नमज्जा लाग्यो ।

मेरो यौटा इच्छा छ या झुट्टा खेतीको बीज छरेर वर्वरता मच्चाउने नेताको भाषणबाट मुक्ति पाउने । यिन्ले स्वतन्त्रताको कुरा गर्दा मैले पनि यी नयाँ सोच नभएको नेताको भाषण जनतामाझ पुऱ्याउनबाट मुक्ति पाउन चाहन्छु । हुन त मैले कहि अघि ती नेताले झुठा भाषण गर्दा बिचमै विग्रिएको नाटक के गरेको थिएँ तिन्ले ठ्वाक्, ठवाक् पारेर मेरो गालामा चड्कन लगाएर मेरो धड्कन बढाए, नबोलु नि किन ? नत्र झन् झापड पाइने डरले बोल्न थाले विवस भएर । म मुर्दावाद र आलोचनाको आवाज फ्याँक्न चाहन्न, मलाई सकारात्मक सोचले बाच्नु छ तर मलाई बसैभन्दा बढी मुर्दावाद्को नारा लगाउन प्रयोग गरिन्छ । सबभन्दा बढी आलोचना, गाली गलौज, कुरा काट्न प्रयोग गरिन्छ । मलाई भाषण गर्नेले सकारात्मक सोचको भाषण गरिदेउन् भन्ने चाहन्छु । म राजनेता जन्माउन चाहन्न र तिनै राजनेताको असल भाषणको आवाज वस्ति वस्तिमा लैजान आतुर छु तर यी चतुर नेताले मेरो निष्कलंक, स्वच्छ चरित्रमाथि खेलवाड गरेर तटस्थ चरित्रलाई अस्वस्थ बनाएका छन् । लौन प्रभो यौटा राजनेता जन्माइदेउ झुट्टा नेतालाई नर्क तर्फ अन्माइदेऊ । जदौ

## गुरूआमा



✍ सुसा भट्टराई

कक्षा-3, नवोदय शिशु सदन

मेरी प्यारी गुरुआमा
गीता नाम हो उहाँको
मलाई माया गर्ने
घाँटी सुकाइ सुकाइ पढाउने ।

मलाई राम्रोसँग बुझाउने
मलाई राम्रो हेरचाह गर्ने
साथी जस्तै व्यवहार गर्ने
मेरी प्यारी गुरुआमा ।

उहाँले लगाउनुहुन्छ जामा
मनपर्छ उहाँलाई तामा
मेरो साथमा गुरुमा हुँदा
खुसी लाग्छ उहाँ हाँस्दा ।

गुरुआमा हुनुहुन्छ इमानदार
देखिनुहुन्छ सानदार
गुरुमाले भनेको मान्नु
सबैले उहाँलाई सम्मान गर्नु ।

## गजल

✍ डिल्लीप्रसाद अधिकारी

दुखेर नै जीवनदेखि हारेको म मान्छे
दुख्नुले नै तर धेरै खारेको म मान्छे ।।

घाउसँग मितेरीको साइनो गाँसेपछि
मुटु दुख्ने बेलापनि टारेको म मान्छे ।।

अब जीवन कति होला खुसी पाउनुपर्ने
लड्दा लड्दा समयले मारेको म मान्छे ।।


पीडा पनि आफ्ना-आफ्नै हुन्छन् संसारमा
आत्मग्लानी जे जति छन् स्विकारेको म मान्छे ।।

अब भने साह्रो गाह्रो एक्लै खप्नुपर्छ
उमेरैले यसमा ढुक्क पारेको म मान्छे ।।

बाधा विघ्न जति पर्छन् लडेकै छु अझै
उकालोले यदाकदा झारेको म मान्छे ।।

गुनासो म कहाँ अनि कसका अघि गरौँ
नियतिले पछिल्तिर सारेको म मान्छे ।।

## चित्रकला



दिपाशना थापा

जी.एस. निकेतन मा.वि. हेटौंडा

# पशुपतिनाथको सम्पत्तिमा ब्रह्मलुट

काठमाडौं/ पशुपतिनाथको सम्पत्ति व्यवस्थापन र खरिदमा अनियमितताको गन्ध आउनु अनौठो भएन । तर, पशुपतिनाथ मन्दिरकै सम्पत्ति हिनामिनासँग जोडिएको भ्रष्टाचार मुद्दाका आरोपितहरु करिब डेढ दशकपछि कसुरदार ठहरिएका छन् । घटना करिब १५ वर्षअघिको हो, जतिबेला स्थानीय निकाय जनप्रतिनिधिविहीन थिए भने मुलुक सर्वदलीय संयन्त्रको भरमा चलेको थियो । राजनीतिक नियुक्ति पाएका पशुपति क्षेत्र विकास कोषका पदाधिकारी र जनप्रतिनिधिको अधिकार प्रयोग गरेका काठमाडौं जिल्ला विकास समितिका कर्मचारीहरु पशुपतिको सम्पत्ति हिनामिना गरेको आरोपमा दोषी ठहरिएका हुन् ।



पशुपतिनाथ मन्दिरको गोठाटारस्थित जग्गाको 'ल्यान्डस्केप' नै फेरबदल हुने गरी बालुवाखानी सञ्चालन गर्दा भ्रष्टाचार भएको पुष्टि भएको छ । भ्रष्टाचारको आरोपमा मुछिएकाहरुलाई सर्वोच्च अदालतले बुधबार दोषी ठहर गरेको हो । उनीहरुले विशेष अदालतबाट अस्वभाविक रुपमा सफाइ पाएका थिए । न्यायाधीशहरु कुमार रेग्मी र अब्दुल अजीज मुसलमानको इजलासले पशुपतिनाथ मन्दिरको गोठाटारमा रहेको जग्गाबाट बालुवाखानी सञ्चालन गर्दा भ्रष्टाचार भएको ठहर गरेको हो । ५३४ रोपनी जग्गामा बालुवाखानी सञ्चालन गर्दा भ्रष्टाचार भएको ठहर सहित पशुपति क्षेत्र विकास कोषका दुई पदाधिकारीहरुलाई ६/६ वर्षका दरले कैद सजाय तोकेको छ ।

बालुवाखानी सञ्चालनको अनुमति दिँदा भ्रष्टाचार गरेको आरोपमा अरु ५ कर्मचारी र दुई ठेकेदार पनि दोषी ठहर भएका छन् । अख्तियारले भ्रष्टाचार मुद्दा दायर नगर्दासम्म ठेकेदार, पशुपति क्षेत्र विकास कोषका पदाधिकारी र जिल्ला विकास समिति, काठमाडौंका कर्मचारीको मिलेमतोमा बालुवाखानी निर्वाध रुपमा चलेको थियो । पशुपति क्षेत्र विकास कोषलाई ४० करोड रुपैयाँ नोक्सान भएको दाबी भए पनि सर्वोच्च अदालतले ठेकेदारलाई १३ करोड रुपैयाँ जरिवाना गरेको छ । लोकमानसिंह कार्की अख्तियार प्रमुख भएको बेला २०७१ सालमा यो भ्रष्टाचार मुद्दा दायर भएको थियो ।

२०६३/६४ ताका काठमाडौंको गोठाटार गाविस-३ स्थित पशुपति क्षेत्र विकास कोषको जग्गामा गुरुयोजना बनाउन सर्वेक्षण भएको थियो । उक्त क्षेत्रमा सामुदायिक भवन, गौशाला, वृद्धाश्रम, अस्पताल, अन्तर्राष्ट्रिय धार्मिक केन्द्र बनाउने गुरुयोजना बनेको थियो ।

करिब साढे ५ सय रोपनीको त्यो क्षेत्रमा ठूलो बालुवाखानी रहेको पत्ता लाग्यो । त्यतिबेलाको सर्वेक्षणले ४ करोड २९ लाख घनमिटर बालुवा निकाल्न सकिने आकलन गऱ्यो । त्यसको पत्तो पाएपछि स्थानीय ठेकेदारहरुले पशुपतिनाथ मन्दिरको जग्गाबाट बालुवा निकाल्ने योजना बनाउन थाले । पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरुले त्यसमा साथ दिए । काठमाडौंका बालुवाखानीमा रजगज गरेका बच्चुराम दाहाल र मिठाराम दाहाल दाजुभाइ त्यो बालुवाखानी हात पार्ने उपायमा लागे । त्यसमा पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव निर्मल कुइँकेल सहयोगी बने ।

खानी तथा खनिज पदार्थ नियमावलीमा कुनै पनि व्यक्ति वा फर्मले बालुवा वा ढुंगाखानीको लाइसेन्स लिइसकेपछि त्यस वरपरको २५० मिटर क्षेत्रमा अरुले लाइसेन्स नपाउने व्यवस्था थियो । त्यही व्यवस्थाको दुरुपयोग गर्न बच्चुराम र मिठाराम दाहालले पशुपति क्षेत्र विकास कोषको जग्गा नजिकै पर्ने श्रीधर आचार्यको जग्गा भाडामा लिएर जिल्ला विकास समिति, काठमाडौंबाट बालुवाखानी सञ्चालनको अनुमति हात परे ।

उनीहरुले त्यति गरेपछि नियमावलीको व्यवस्था अनुसार, पशुपति क्षेत्र विकास कोषको जग्गामा अरुले बालुवाखानी सञ्चालन गर्न नपाउने परिस्थिति बन्यो । त्यतिबेला जिल्ला विकास समिति, काठमाडौंले कोषलाई पत्र नै लेखेर दाहालद्वय बाहेक अरुले पशुपतिको बालुवा उत्खनन गर्न नपाउने जानकारी पठायो । दाहालद्वयले तीन रुपैयाँ प्रति वर्गफिटका दरले श्रीधर आचार्यको जग्गाबाट बालुवा उत्खनन गर्ने सम्झौता गरेका थिए । त्यसलगत्तै २०६५ साल साउन मसान्तका दिन पशुपति क्षेत्र विकास कोषले बालुवा बिक्रीबारे टेन्डर आह्वान गऱ्यो ।

त्यतिबेला आस्था कन्स्ट्रक्सनले बालुवाखानी सञ्चालन गर्दा प्रति वर्गफिट ५ रुपैयाँ वा मासिक ५० लाख रुपैयाँमध्ये जुन बढी हुन्छ त्यही रकम बुझाउने प्रस्ताव गरेको थियो । अर्का व्यवसायी फिरोज लामाले प्रति वर्गफिट ११ रुपैयाँका दरले राजस्व बुझाउने भनी आवेदन दिएका थिए । मिलेमतोका कारण पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव निर्मल कुईकेलले अरु प्रतिस्पर्धीहरुका बारेमा कुनै निर्णय गरेनन् । जिल्ला विकास समिति, काठमाडौंले दाहालद्वयले मात्रै बालुवा उत्खनन र निकासी गर्न पाउने भनी पत्राचार गरेको थियो । त्यही पत्रलाई आधार बनाउँदै पशुपति क्षेत्र विकास कोषले बच्चुराम र मिठाराम दाहाललाई ३ रुपैयाँ ४ पैसा प्रति वर्गफिटका दरले ठेक्का दियो ।

त्यतिबेला पशुपति क्षेत्र विकास कोषले श्रीधर आचार्यको निजी जग्गाबाट बालुवा बिक्री गरेको दरलाई आधार देखायो । कोषका तत्कालीन सदस्य सचिव कुईंकेल र त्यसपछिका सुशील नाहाटाले ठेक्का अघि बढाए । एमालेका स्थानीय तहमा राजनीति गरेका कुईंकेल प्रदिप ज्ञवाली पर्यटनमन्त्री हुँदा कोषको सदस्य सचिवमा नियुक्त भएका थिए । ज्ञवालीपछिका पर्यटनमन्त्री डा. मिनेन्द्र रिजालले नाहाटालाई कांग्रेस कोटामा सदस्य सचिव बनाएका थिए ।

त्यतिबेला स्थलगत सर्वेक्षण गरेको सीएन एसोसिएट्सले आर्थिक वर्ष ०६४/६५ को बजार दरअनुसार न्यूनतम ६ रुपैयाँ ७ पैसा हुनुपर्ने राय दिएको थियो । अख्तियारले त्यतिबेला बालुवा बिक्रीमा नीतिगत भ्रष्टाचार भएको ठहर गर्दै त्यही कन्सल्टेन्सी फर्मले दिएको दरलाई आधार मानेर नोक्सानी भएको रकमको हिसाब निकालेको थियो ।

ठेकेदारहरुले बालुवाखानी सञ्चालन गर्ने क्रममा कुनै प्रक्रिया पूरा गरेका थिएनन् । खानीबाट बालुवा निकाल्ने क्रममा संकलन हुने फोहोर राख्न डम्प यार्ड बनाएका थिएनन् । त्यहाँबाट निस्कने गेगर र फोहोर पानीको स्रोतमा मिसिनबाट रोक्ने सिल्ट्रेसन पोन्ड बनाएकै थिएनन् । अख्तियारले आरोपपत्रमा भनेको थियो, 'जग्गाको ल्यान्डस्केप पूरै बिगारेर तोकिएभन्दा बढी मात्रामा बालुवा र माटो निकालिएको ।'

खानीबाट निस्कने माटो र गेगर तहगत रुपमा राख्ने कुनै व्यवस्था भएको थिएन । खानी नजिकैको पशुपति क्षेत्र विकास कोषको जग्गालाई असर नपर्ने गरी काम गर्नुपर्ने सर्त पूरा भएको थिएन । वन क्षेत्रमा रहेका लौठसल्लाका रुखहरु प्रक्रिया मिचेर काटिएको थियो । १८ सय ६९ वटा लौठसल्लाका रुख काट्ने क्रममा थप ४ लाख ४८ हजार रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको आरोपपत्रमा दाबी थियो ।

प्रचलित खानी तथा खनिज सम्बन्धी ऐन, कानुनको अधिनमा रही खानी उत्खनन गर्ने भनी तोकिए पनि मनोमानी बालुवाखानी निकाल्दा सरोकारवालाहरु मौन थिए । कतिसम्म भने, माघ २०६९ मा काठमाडौंका प्रमुख जिल्ला अधिकारी चुडामणि शर्माले रोडा-ढुंगा उत्खननमा तोकिएभन्दा बढी नै ट्रक परिचालन भएको भन्दै गोठाटार युवा क्लबलाई अनुगमन गर्न दिने निर्णय गरिदिएका थिए ।

जग्गाको ढिस्कोहरू सम्याउँदा निस्कने बालुवा बिक्री गरी कोषको आय-आम्दानी बढाउने गुरुयोजनामा उल्लेख थियो । तर पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरुले गुरुयोजना कार्यान्वयन गर्नुको साटो त्यहाँको बालुवा नै बिक्री गर्ने योजना बनाए । अख्तियारले आरोपपत्रमा भनेको थियो, 'अध्ययनपछि प्रतिवेदन अनुसार काम नगरी खानी ऐन आकर्षित हुने गरी खानी उत्खनन् अनुमति प्राप्त व्यक्तिसँग सस्तो दर रेटमा सम्झौता गरी बालुवा, माटो बिक्री-वितरण गर्ने मात्र मनसाय राखी मिलोमतोमा आफूलाई लाभ तथा कोषको जग्गामा क्षति पुग्ने गरी कार्य गरेको ।'

अख्तियारले मिलेमतोमा सञ्चालित बालुवाखानीका कारण पाँच वर्षमा ४१ करोड ४१ लाख रुपैयाँ भ्रष्टाचार भएको दाबी गरेको थियो । ठेकेदार फिरोज लामाले कबुल गरेको ११ रुपैयाँ प्रतिफिटका दरले बालुवा बेच्नुपर्नेमा ३ रुपैयाँका दरले मात्रै बेचिएको भन्दै अख्तियारले ४७ करोड १९ लाख रुपैयाँ आम्दानी हुनुपर्नेमा ४ करोड २९ पशुपति क्षेत्र विकास कोषले पाएको दाबी गरेको थियो ।

प्रतिट्रिप दुई सय रुपैयाँमा उत्खनन गरिएको माटो ठेकेदारहरुले करिब ५ सय मिटर दुरीमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल धावनमार्ग विस्तार परियोजनाको ठेकेदारलाई १५ सय रुपैयाँका दरले बेचेका थिए । लामो दुरीबाट माटो ल्याएर फिलिङ गर्नुपर्ने भनी योजना बनाएका विमानस्थल विस्तार परियोजनाका ठेकेदारले पनि करिब ५ सय मिटर नजिकैबाट माटो पाउँदा राम्रै नाफा लिएका थिए ।

अख्तियारले माघ, २०७१ मा बच्चुराम दाहालमाथि ३८ करोड ३८ लाख र मिठाराम दाहालमाथि ३ करोड ३ लाख रुपैयाँ पशुपति क्षेत्र विकास कोषमा नोक्सान पुऱ्याएको दाबी गरेको थियो । दुवैजना सहोदर दाजुभाइले फर्जी कागजात तयार गरेको, सम्झौता र माइनिङ स्किमविपरीत काम गरेको, जथाभावी उत्खनन गरी वन फडानी गरेको आरोप लगाएको थियो ।

विशेष अदालतका अध्यक्ष मोहनरमण भट्टराई, सदस्यहरु नरेन्द्रकुमार शिवाकोटी र महेशप्रसाद पुडासैनीको इजलासले ठेकेदारलाई मात्रै दोषी ठहर गरी अरुलाई सफाइ दिएको थियो । अख्तियारले १३ रुपैयाँ ३० पैसाका प्रति वर्गफिटका दरले दाबी गरेकोमा विशेषले एक करोड १७ लाख वर्गफिट बालुवा सम्झौताविपरीत निकासा भएकाले ६ रुपैयाँ ८१ पैसाका दरले बच्चुरामले ३ करोड ६७ लाख भ्रष्टाचार गरेको ठहर गरेको हो ।

माटो बिक्री गर्दा पनि भ्रष्टाचार गरेको ठहरसहित विशेष अदालतले १४ करोड ४५ लाख रुपैयाँ जरिवाना गरेको थियो । विशेष अदालतले मिठाराममाथि १४ लाख २६ हजार रुपैयाँमात्रै जरिवाना कायम गरेको थियो । रुख कटान गरेको आरोपमा भने अख्तियारकै दाबीअनुसार सजाय भयो । निर्णय गर्ने कर्मचारीहरुले सफाइ पाउने, तर ठेकेदार मात्रै भ्रष्टाचारको आरोपमा दोषी ठहर हुने विशेष अदालतको फैसला भ्रष्टाचार सम्बन्धी विधिशास्त्रीय दृष्टिकोणले आश्चर्यजनक थियो । फैसलाविरुद्ध अख्तियार र ठेकेदार आ-आफ्नै दाबी सहित सर्वोच्च अदालत गएका थिए ।

सर्वोच्च अदालतले विशेष अदालतको फैसलालाई उल्ट्याउँदै पशुपति क्षेत्र विकास कोष र जिल्ला विकास समिति काठमाडौंका पदाधिकारीहरुलाई दोषी ठहर गरेको हो । तर ठेकेदारलाई भएको करिब डेढ करोड रुपैयाँ जरिवाना भने घटाइदिएको छ । बचचुराम दाहालले बिगो र जरिवाना गरी करिब २६ करोड रुपैयाँ तिर्नुपर्नेछ । मिठाराम दाहालको हकमा करिब चार लाख ७४ हजार बुझाउनुपर्ने फैसला भएको छ ।

सर्वोच्च अदालतले संक्षिप्त आदेशमा भनेको छ, 'अभियोग अनुसार आरोपितहरुलाई कैद, जरिवाना र बिगो असुल-उपरको सजाय हुनुपर्ने भन्ने नेपाल सरकारको दाबी र अभियोग दाबीबाट सफाइ पाउनुपर्ने आरोपितहरुको पुनरावेदन जिकिर पुग्न सक्दैन ।' सर्वोच्च अदालतको फैसला अन्तिम हुने भएकाले आरोपितहरुले तोकिएको समय कैद बस्नुपर्ने अनि बिगो र जरिवाना तिर्नुपर्ने हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'दु:खी आत्मा'लाई प्रिमियरमा प्रतिक्रिया– 'उठाउनैपर्ने विषय थियो'




काठमाडौं/टिजर र ट्रेलर रिलिजपछि चर्चामा रहेको फिल्म 'दु:खी आत्मा' प्रणय दिवसको दिन पारेर शुक्रबारबाट प्रदर्शनमा आइसकेको छ । यौन दुर्बलताको विषयमा आधारित भएर बनेको फिल्मले रिलिजको पूर्वसन्ध्यामा बिहीबार साँझ काठमाडौंमा आयोजित प्रिमियरमा उत्साहजनक प्रतिक्रिया प्राप्त गऱ्यो । प्रिमियरमा उपस्थित प्राय:ले उठाउनैपर्ने विषयमा रमाइलो फिल्म बनेको धारणा व्यक्त गरे ।

निर्देशक तथा अभिनेत्री दीपाश्री निरौलाले इरेक्टाइल डिसफङ्सनजस्तो चुनौतीपूर्ण विषयमा फिल्म बनाउने आँट गरेकोमा निर्देशक दीपेन्द्र लामालाई धन्यवाद दिइन् । 'यो उठाउनै पर्ने विषय थियो । यस्तो विषय उठाउन चुनौती पनि छ । यसैले दीपेन्द्र लामालाई धन्यवाद दिनुपर्छ । उहाँ सधैं फरक विषयमा फिल्म बनाउनुहुन्छ । यो त झनै फरक विषयमा छ,' उनले भनिन् ।

अभिनेत्री लुनिभा तुलाधरले पछिल्लो समय फरक-फरक विषयमा फिल्म बनिरहेकोमा खुसी व्यक्त गरिन् । 'अहिले मानसिक स्वास्थ्य, यौन स्वास्थ्य, लैङ्गिक अल्पसंख्यकको कथामा फिल्म बनिरहेका छन् । यसैले मलाई लाग्छ, अहिले नेपाली फिल्ममा राम्रो समय चलिरहेको छ,' उनले 'दु:खी आत्मा'बारे भनिन्, 'यो रमाइलो फिल्म छ । हेर्दा मज्जा आउँछ ।'

'फर्की फर्की' निर्देशक सुयोग गुरुङले फिल्मले गम्भीर विषयलाई हास्य शैलीमा प्रस्तुत गरेको प्रतिक्रिया दिए । 'मलाई फिल्म दामी नै लाग्यो । मैले फिल्म हेर्दा पेट मिचिमिचि हाँसेको धेरैपछि हो । फिल्मले एकदमै गम्भीर र संवेदनशील विषय उठाएको छ । र, त्यसमा जसरी ह्यूमर मिसाइएको छ, त्यो गजब छ,' उनले भने । यो फिल्म हरेक उमेरका दर्शकले हेर्नुपर्ने सुयोगको धारणा छ ।

प्रिमियरमा निर्देशकहरु नविन सुब्बा, दीपक रौनियार, ज्ञानेन्द्र देउजा, निर्माताहरु अर्जुन कुमार, विनोद पौडेल, अभिनेत्री उषा रजग, कथावाचक साइग्रेस पोखरेल, मोडल उषा उप्रेती लगायत पनि पुगेका थिए । उनीहरुले अहिलेसम्म यस्तो विषयमा फिल्म नबनेको बताउँदै कथावस्तु, प्रस्तुति, संवाद, कलाकारहरुको अभिनयको प्रशंसा गरे ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा दयाहाङ राई, आँचल शर्मा, अनुपविक्रम शाही, बुद्धि तामाङ, रेअर राई, पुष्कर गुरुङ, कविता आले, दीया मास्के, आशान्त शर्मा, लुनिभा तुलाधर लगायतको अभिनय रहेको छ । फिल्मलाई हिमाल कडरियाले निर्माण गरेका हुन् । सम्भोगको क्रममा लिङ्गमा उत्तेजना नहुने समस्याबाट पीडित पात्रको कथामा फिल्म आधारित छ ।

# नीता र अशोकले सुरु गरे 'मन बिनाको धन'को छायांकन

काठमाडौं/संगीतकार टंक बुढाथोकीको डेब्यु निर्देशनमा बन्न लागेको फिल्म 'मन बिनाको धन'को छायांकन सुरु भएको छ । शुक्रबार बिहान कोटेश्वर महादेव मन्दिरमा मुहूर्त पूजा गरेपछि भक्तपुरको बालकोटबाट छायांकन थालिएको हो । फिल्मका प्रमुख दुई कलाकार अशोक दर्जी र सन्तोष पन्तले मुहूर्त सट दिएका थिए । गायक समेत रहेका अशोकले अभिनय गर्न लागेको यो पहिलो फिल्म हो ।



निर्देशक बुढाथोकी स्वयंको कथा रहेको फिल्ममा अशोक र सन्तोषसहित सरोज खनाल, रमा थपलिया, नीता ढुंगाना, बुद्दि तामाङ, भोलाराज सापकोटा, रमेश विश्वकर्मा, रवीन्द्र झा, उत्सव सापकोटा, एआर बुढाथोकी, शंकर श्रेष्ठ, साम्राज्ञी थापा, बिना राउत, ए. आर बुढाथोकी, बाबु पराजुली, रक्षा श्रेष्ठ, प्रियंका झा, आर्यन नेपाल, विनय अधिकारी, विजय डंगोल लगायतको अभिनय रहनेछ ।

शिवम् अधिकारीको पटकथा तथा संवाद लेखन रहेको फिल्मको निर्मातामा बिष्णु माया मैनाली छन् भने सह-निर्माता जीपी संग्रौला, लक्ष्मी गिरि, विवेक नेपाल र विजया पाण्डे हुन् । कार्यकारी निर्मातामा मिनु शर्मा (सपना) छिन् । फिल्मको गीतमा टंक स्वयंको संगीत छ भने सौरभ लामा छायाँकारमा छन् । यसमा कविराज गहतराजको कोरियोग्राफी र मित्र डि. गुरुङको सम्पादन रहनेछ ।

'मन विनाको धन' अशोक दर्जीले बाल्यकालमै गाएको पहिलो गीत हो । यसले उनको जीवन नै परिवर्तन गरेको थियो । ६ वर्षअघि रिलिज भएको यो गीतलाई युट्युबमा झन्डै तीन करोडले हेरिसकेका छन् । बाल्यकालदेखि नै संगीतकार बुढाथोकीको संरक्षणमा रहेका उनी यतिबेला काठमाडौंमा कक्षा ८ मा अध्ययनरत छन् । अशोकको आवाजमा गीत नआएको लामो समय भइसकेको छ ।

# जलवायु परिवर्तन जोखिम सूचीमा नेपाल ६९औं स्थानमा, विज्ञ भन्छन्– पत्याउनै गाह्रो

काठमाडौं/जर्मनवाचले प्रकाशित गरेको क्लाइमेट रिस्क इन्डेक्स-सीआरआई (जलवायु परिवर्तन जोखिम सूची) २०२५ अनुसार नेपाल विगत ३ दशक (१९९३-२०२२) मा जलवायु परिवर्तनका कारण चरम मौसमजन्य घटनाबाट प्रभावित हुने देशहरूको सूचीमा ६९औं स्थानमा परेको छ । यो सूची जलवायु परिवर्तनका कारण हुने प्राकृतिक विपत्तिहरू जस्तै: बाढी, पहिरो, खडेरी, अत्यधिक वर्षा, तातो-चिसो लहर आदिले विभिन्न देशहरूलाई पुऱ्याएको असरका आधारमा तयार गरिन्छ ।

सीआरआई २०२५ अनुसार नेपालमा जलवायुसँग सम्बन्धित विपदमा परी हरेक वर्ष औसत २४९.७ जनाले ज्यान गुमाउने गर्दछन् । प्रति एकलाख जनसंख्यामा ०.१८९ जनाको मृत्यु हुने गरेको छ भने ७५ हजार ८४० जना प्रत्यक्ष प्रभावित हुने गरेका छन् । यसका साथै, जलवायुजन्य विपत्तिहरूका कारण नेपाललाई वार्षिक रूपमा २२१.३ मिलियन अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको प्रतिवेदनले देखाएको छ, जुन नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ०.२५८ प्रतिशत हो ।

**नेपालको अवस्था सुधारोन्मुख ?**

क्लाइमेट रिस्क इन्डेक्स (सीआरआई) रिपोर्ट जलवायु परिवर्तनका कारण हुने चरम मौसमजन्य घटनाका आधारमा तयार गरिन्छ । रिपोर्ट तयार गर्ने क्रममा अन्तर्राष्ट्रिय विपद डाटाबेसको तथ्यांक र अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ)को आर्थिक आँकडाको विश्लेषण गरिन्छ । यो सूचकांक तयार पार्दा चरम मौसमी घटनाका संख्या, त्यसमा परी प्रति एक लाख जनसंख्यामा हुने मृत्यु दर र जीडीपीमा परेको आर्थिक घाटालाई आधार मानिन्छ ।

रिपोर्ट सार्वजनिक गर्नुको उद्देश्य जलवायु परिवर्तनको प्रभावलाई उजागर गर्ने, कमजोर राष्ट्रहरुलाई जलवायु अनुकूलनका नीति तथा रणनीति तयार पार्न सघाउ पुऱ्याउनु हो । यदि विगतका रिपोर्टहरूलाई हेर्ने हो भने नेपाल हरेक रिपोर्टमा जलवायुजन्य विपदका घटनामा सधैं जोखिमयुक्त देशको सूचीमा परेको देखिन्छ ।

सीआरआई २०१७ मा नेपाल जोखिम देशहरुको सूचीमा चौथो स्थानमा थियो, जसले नेपाल चरम मौसमजन्य घटनाबाट विश्वकै सबैभन्दा प्रभावित देशहरूमध्ये एक भएको संकेत गर्दथ्यो । सीआरआई २०२१ मा भने नेपाल १०औं स्थानमा झरेको थियो र अहिले सीआरआई २०२५ मा ६९ औं स्थानमा छ ।

यसको अर्थ नेपालमा जलवायुजन्य विपत्तिको प्रभाव तुलनात्मक रूपमा कम देखिएको छ । तर, विज्ञहरू सीआरआई रिपोर्टमा लेखिएभन्दा वास्तविकता फरक रहेको बताउँछन् । विपद्विज्ञ डा. धर्मराज उप्रेतीका अनुसार नेपालमा लस एन्ड ड्यामेजको क्षतिको तथ्यांक राख्ने प्रणालीमै प्रश्न उठ्ने गरेकाले पनि वास्तविकता फरक रहेको बताउँछन् ।

उनका अनुसार गृह मन्त्रालयको वेबसाइटमा उपलब्ध सन् २०१२ देखि सन् २०२४को अवधिको विवरण केलाउँदा बाढीपहिरो, चट्याङ, आगलागी, हावाहुरी र भारी वर्षाका ४४ हजार घटना भएका छन् । ती घटनामा परी ५ हजार ६६७ जनाको मृत्यु भएको छ । ९२२ जना बेपत्ता छन् भने १५ हजार जना घाइते भएका छन् । ४२ हजार भौतिक संरचनामा क्षति पुगेको छ भने पशुचौपायाको क्षतिको संख्या २४ हजार छ । 'जलवायुजन्य विपदका यी सबै घटनाबाट ४९ अर्ब रुपैयाँ बराबरको क्षति नेपालले व्यहोरेको छ । यसमा भूकम्प थप्ने हो भने यसको ग्राफ बेग्लै हुन्छ,' विपद्विज्ञ डा. उप्रेती भन्छन् ।

सीआरआई २०२५ रिपोर्ट डेटा सिस्टममा आधारित हुन्छ । लस एन्ड ड्यामेजको डेटा नेपालले कति दिन सक्यो र उसले कति लिन सक्यो भन्ने कुरामा क्षतिको विवरण निर्भर हुने उप्रेती बताउँछन् ।

**यी हुन् सबैभन्दा बढी प्रभावित देश**

जर्मनवाच नामको संस्थाको रिपोर्टमा लेखिएअनुसार विगत ३० वर्षको अवधिमा विश्वभर ९ हजार ४०० जति चरम मौसमी विपद्का घटनाहरु भएका छन् । यी घटनामा परी विश्वभर ८ लाख व्यक्तिले ज्यान गुमाएका छन् । साथै विश्वको अर्थव्यवस्थामा ४,२०,००० करोड डलर अर्थात् ५८ खर्ब २७ अर्ब ८ करोड नेपाली रुपैयाँ बराबर क्षति पुगेको अनुमान छ ।

जलवायुजन्य विपत्तिबाट सबैभन्दा बढी प्रभावित १० देशहरुको सूचीमा क्यारेबियन द्वीपमा पर्ने डोमिनिका पहिलो नम्बरमा छ । त्यसपछि क्रमश: चीन, होन्डुरस, म्यानमार, इटली, भारत, ग्रिस, स्पेन, भानुआटु र फिलिपिन्स छन् ।

छिमेकी मुलुक भारतमा विश्वभर हुने जलवायुजन्य विपदका १० प्रतिशत घटना हुने गरेको पाइएको छ । यसैगरी विश्व अर्थव्यवस्थामा जति क्षति पुगेको छ, त्यसको करिब ४.३ प्रतिशत भारतले झेल्नु परेको छ । तर भारतसँगै जोडिएको नेपाल भने ६९औं स्थानमा रहँदा पत्याउन गाह्रो हुने विज्ञहरुको भनाइ छ । नेपालले चार वर्षको अवधिमै ६ वटा चरम मौसमी घटनाहरु भोगेको छ ।

काठमाडौंमा हालै आएको बाढीपहिरो, कञ्चनपुरमा २४ घण्टामा ६२४ मिलिमिटर वर्षा, मनाङजस्तो उच्च हिमाली क्षेत्रमा हिउँको सट्टा पानी परेर बाढीले पुऱ्याएको क्षति, हिमबाढीले थामेको बस्ती बिनास, हेवाखोलाको बाढीपहिरोले कोशी प्रदेशमा जलविद्युत् आयोजनामा बितण्डा ठूला मौसमी घटनाका रुपमा दर्ज छन् ।

*(स्रोत: अनलाइनखबर)*

# सौगात र सृष्टिको 'भाइरल गोर्खे' जेठ ३० गते आउने

काठमाडौं/अभिनेता सौगात मल्ल र अभिनेत्री सृष्टि श्रेष्ठले ब्रेकअपपछि एकसाथ काम गरेको पहिलो फिल्म 'भाइरल गोर्खे' आगामी जेठ ३० गतेबाट प्रदर्शनमा आउने भएको छ । भ्यालेनटाइन डेको अवसरमा दुईवटा पोस्टर सार्वजनिक गर्दै निर्माताले उक्त मितिमा फिल्म प्रदर्शन गर्ने घोषणा गरेका हुन् ।

प्रदर्शन मितिसहित सार्वजनिक दुई पोस्टरमध्ये एउटामा अभिनेता सौगात मल्ल मात्र चित्रित छन् । उनले फलामको ढक उचालेर बनाएको टिकटक भिडियोमा लाखौं लाइक्स आएको देखाइएको छ । यसले उनको पात्र टिकटकमा भाइरल रहेको प्रष्ट पार्छ । अर्को पोस्टरमा भने सौगात र सृष्टि रोमान्टिक भावमा प्रस्तुत छन् । दुवै एकअर्कालाई हेरेर मुस्कुराइ रहेको देख्न सकिन्छ ।

निगम श्रेष्ठको निर्देशनमा तयार भएको फिल्ममा सौगात र सृष्टिसहित बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, पत्रकार ऋषि धमला लगायतको अभिनय छ । धमलाले फिल्ममा पत्रकारकै भूमिकामा अभिनय गरेका छन् । भाइरल प्रवृत्तिको पछाडि लाग्दाको प्रभाव र असरको परिणाम फिल्मले देखाउने निर्देशक श्रेष्ठले जानकारी दिए ।

द जिएमआई एकेडेमी र निर्भाना फिल्म स्कुलको व्यानरमा निर्माण भएको फिल्ममा विशाल ताम्राकार, महेश लामिछाने र केवल जंग कुँवर निर्माता तथा भुवन अधिकारी र निखिल पौडेल सह-निर्मातामा छन् । फिल्मलाई अमर महर्जनले छायांकन गरेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# किसान कल्याण सहकारीले रजतजयन्ती मनाउने



साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ हेटौंडा उपमहानगरपालिका-८ कमानेमा अवस्थित किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्थाको रजतजयन्तीमा विविध कार्यक्रम गरेर मनाउने भएको छ ।

सहकारीले शुक्रबार पत्रकार सम्मेलन गर्दै विविध कार्यक्रमबारे जानकारी गराएको थियो । संस्थाका अध्यक्ष मोतीलाल लामाले संस्थाको २५ औँ रजतजयन्तीको अवसरमा ३ गते शनिबार विहान मोटरसाइकलद्धारा प्रभातफेरी कार्यक्रम गरिने बताए । वडा नम्बर ८ को विभिन्न क्षेत्र परिक्रममा गरी प्रभातफेरी कार्यक्रम गरिने उनले बताए । ६ गते मंगलबार संस्थाको कार्यालयमा विहान रक्तदान कार्यक्रम रहेको छ भने ७ गते १७ वटा टोल विकासका १०/१० जनाको सहभागितामा महिला/पुरुष डोरी तान्ने कार्यक्रम हुने अध्यक्ष लामाले बताए ।

८ गते विहीबार ओमनगर औद्योगिक गेटबाट मेनरोड सरसफाई कार्यक्रम रहेको छ । ९ गते चन्द्रोदय माध्यमिक विद्यालयमा वडामा रहेका बालसमूहबीच हाजिरि जवाफ प्रतियोगिता आयोजना हुने अध्यक्ष लामाले बताए ।

यसैगरी ११ गते आइतबार चन्द्रोदय माविका गरिब तथा जेहेन्दार विद्यार्थीलाई स्टेशनरी सामग्री वितरण गरिनेछ भने १७ गते शनिबार पुरस्कार वितरण, संस्थापक सम्मान तथा सम्पूर्ण कार्यक्रमको समापन गरिने अध्यक्ष लामाले बताए । संस्थाको १४९ संस्थापक सदस्यमध्ये ५९ जना शेयर सदस्यलाई चादींको जलप भएको रजतजयन्ती लेखिएको लकेट प्रदान गरी सम्मान गरिने अध्यक्ष लामाले बताए ।

कार्यक्रमलाई करिब तीन लाख खर्च हुने अनुमान रहेको संस्थाका व्यवस्थापक केशबकुमार शाहीले बताए । बचत तथा ऋणको कारोबारसँगै सहकारीले दैनिक दुई सय लिटर तेल उत्पादन गरी हेटौंडा, काठमाडौं, चितवनलगायत अन्य सहरमा विक्री गर्दै आइरहेको छ । सहकारीले माघ मसान्तसम्ममा सदस्यलाई ६ करोड २५ लाख कर्जा लगानी गरेको छ भने संस्थामा तीन करोड ६५ लाख बचत निक्षेप रहेको व्यवस्थापक शाहीले बताए । एघार सय सदस्य आवद्ध रहेको सहकारीमा एक करोड ६ लाख शेयर पुर्जी रहेको छ ।

# जनज्योति माविमा भूपिनको उपन्यास र कवितामाथि विमर्श

साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ हेटौंडा उपमहानगरपालिका-१४ मा रहेको जनज्योति माविका विद्यार्थीले कवि तथा उपन्यासकार भूपिनको कृतिमाथि विमर्श गरेका छन् ।

भूपिनको उपन्यास मैदारो र कक्षा ९ को नेपाली विषयमा रहेको कविता 'आमाको तस्बिर' माथि विद्यार्थीले छुट्टाछुट्टै बहस तथा अन्तरक्रिया गरेका हुन् । साहित्यकार भूपिनकै उपस्थितिमा भएको कार्यक्रममा कक्षा १२ का विद्यार्थीले मैदारो उपन्यासको कथानक, पात्र विधान, परिवेश र उद्देश्यमाथि चर्चा गरेका थिए । विद्यार्थीहरु ईशा परियार, काजल थापा, सीता खड्का र नमूना खत्रीले उपन्यासको विभिन्न पक्षमाथि आफ्नो धारणा राखेका थिए ।

भूपिनले नेपाली समाजमा रहेको चरम जातीय विभेद र भेदभावको पक्षलाई उजागर गर्दै त्यसको विरुद्धमा कलम चलाइएको बताए । उपन्यासको मुख्य पात्र नदीन चार वर्षसम्म भीरमा अड्किएको दृश्य नेपाली समाजको दलितहरुले भोग्नुपरेको नियतीको प्रतीक रहेको भूपिनले प्रष्ट्याए । भूपिनले कवितामार्फत आफूले वैदेशिक रोजगारीको कारणले नेपाली युवायुवतीले भोग्नुपरेको मानसिक पीडाको उजागर गर्न खोजिएको बताए ।

प्रचलित पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम गर्नुपर्ने आन्तरिक मूल्यांकनको लागि जनज्योति माध्यमिक विद्यालयले कार्यक्रमको आयोजना गरेको हो । कक्षा १२ की छात्रा रोजिना तामाङले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक हरिप्रसाद पौड्यालले अन्तरक्रियाको सहजीकरण गरेका थिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र ढुंगाना, प्रधानाध्यापक भोगेन्द्र लुइँटेललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# सम्पर्क कार्यालयमा जनतासँग बानियाँको सोधखोज



साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ कांग्रेस बागमती प्रदेश सभापति एवम् मकवानपुर क्षेत्र नम्बर २ ख का प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले मकवानपुरको पश्चिमीक्षेत्र मनहरीस्थित सम्पर्क कार्यालयमा जनताको गुनासो सुनेका छन् ।

मकवानपुर संघीय क्षेत्र नम्बर २ प्रदेश (ख) का कैलाश, राक्सिराङ, मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरका-३ र १९ नम्बर वडा (साविक बसामाडी गाविस) का प्रतिनिधिमूलक अगुवा जनता र जनप्रतिनिधिबीच शुक्रबार विकास निर्माण, त्यस क्षेत्रको आवश्यकता, समस्या समाधानका बारेमा सोधखोज भएको थियो । छलफलमा नेता बानियाँले भौगोलिक अवस्था, तत्काल आवश्यकता र औचित्यका आधारमा क्रमश: खानेपानी, सडक, विद्युत विस्तार लगायतका भौतिक पूर्वाधार निर्माणमा दृढ भएर लाग्ने बताए ।

पश्चिमी क्षेत्रमा गाँजा र अफिम ओसारपसारका नाममा निर्दोष गरिव जनताहरु जेल जानपर्ने अवस्था विद्यमान रहेकाले यसलाई निराकरणका लागि ऐन बनाउन छलफल भैरहेको बताउँदै नेता बानियाँले स्थानीयलाई गाँजाको बैकल्पिक आत्मनिर्भर हुने खालको अन्य खेतीका लागि प्रोत्साहन बजेट छुट्याउन जनप्रतिनिधिलाई आग्रह गर्दै ठोस प्रस्ताव ल्याउन प्रदेश तथा संघीय सरकारसंग विशेष पहल गर्ने प्रतिबद्धता जनाए ।

पश्चिमी क्षेत्रका जनताको गुनासो सुन्ने साझा सम्पर्कथलोको रुपमा विकास गर्न कार्यालय खोलिएको बताउँदै नेता बानियाँले हरेक महिनामा दुईपटक जनताको गुनासो र छलफल सुन्ने कार्य गरिरहेको बताए ।

भेटघाट तथा छलफलमा मकवानपुर संघीय क्षेत्र नम्बर २ (ख) का जनप्रतिनिधिहरु तथा स्थानीय जनताको उपस्थिति रहेको थियो । मनहरीस्थित सम्पर्क कार्यालय माघमा मात्रै स्थापना गरिएको हो ।

# लायन्स क्लब डिष्ट्रिक्ट ३२५ एसको जिल्ला अधिवेशन हुने



साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ लायन्स क्लब इन्टरनेशनल अर्न्तगतको डिष्ट्रिक्ट ३२५ एस को जिल्ला अधिवेशन हेटौंडामा हुने भएको छ । शुक्रबार पत्रकार सम्मेलन गर्दै तेस्रो जिल्ला अधिवेशन आगामी वैशाख ६ गते हेटौंडामा हुने जनाइएको हो ।

अधिवेशनको लागि आवश्यक तयारीको सुरुवात भएको डिष्ट्रिक्ट गर्भनर टासीडोल्मा तुम्बहाम्फेले जानकारी दिए । उनका अनुसार, अधिवेशनमा विगतका कार्य समिक्षा गर्नुका साथै आगामी लायन वर्ष २०२५-२०२६ को लागि नयाँ नेतृत्व चयन समेत चयन गरिनेछ । अधिवेशनका क्रममा करिब हजार प्रतिनिधि हेटौंडामा सहभागी हुने अनुमान गरिएको आयोजकले जनाएको छ ।

यस डिष्ट्रिक्टको हेटौंडा, काठमाडौं र वीरगंज गरी तिन क्षेत्रहरु पर्दछन् । जसअन्तर्गत १ सय ३८ वटा क्लबहरुमा २ हजार सदस्य संख्या रहेका छन् । पत्रकार सम्मेलनमा लायन्स डिष्ट्रिक्ट कन्भेन्सनर किशोर टण्डन, पास्ट डिष्ट्रिक्ट गर्भनर सम्भु नकर्मी, सचिव गौरी चिमरिया, कोषाध्यक्ष रजनी तिवारी, जिल्ला कार्यकारीप्रमुख अंकिता सुमार्गी, स्वीकृतराज पराजुली, पत्रकार महासंघ मकवानपुर शाखाअध्यक्ष बालकृष्ण अधिकारी लगायतको सहभागिता रहेको थियो ।

# बागमती प्रदेशका ५ सहकारी समस्याग्रस्त



साझाकुरा संवाददाता

हेटौंडा, २ फागुन/ बागमती प्रदेश अन्तर्गतका पाँच सहकारी समस्याग्रस्त छन् । समस्याग्रस्त सहकारी अधिकांश काठमाडौं उपत्यकाबाट सञ्चालित छन् ।

सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ, दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी लिमिटेड, सोह्रखुट्टेको लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सुमेरु बचत तथा ऋण सहकारी संस्था समस्याग्रस्त भएका हुन् । प्रदेश सरकारले यी सहकारीलाई समस्याग्रस्त घोषणा गरिसकेको छ ।

बागमती प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालयले एकैपटक तीन सहकारीलाई समस्याग्रस्त घोषणा गरेको हो । सुमेरु, नेशनल नमोबुद्ध र लालीगुराँस सहकारीलाई गएको पुस २८ गते समस्याग्रस्त घोषणा गरिएको हो । त्यसअघि २०८० भदौ २१ गते सिभिल र चालू आवकै कात्तिक ११ गते दर्शन सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको थियो ।

बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयका अध्यक्ष प्रभात अधिकारीका अनुसार समस्याग्रस्त सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापनका लागि आफूहरुले काम गरिरहेको जानकारी दिए । यस सहकारीमा हजारौं बचतकर्ताको अर्बौं रुपैयाँ बचत रहेको पाइएको छ । उनका अनुसार समस्याग्रस्त सहकारीका ५८ हजारभन्दा बढी बचतकर्ता पीडित बनेका छन् ।

सुमेरु बाहेक अन्य चार सहकारीकै ५८ हजार ४७८ जना बचतकर्ता रहेको पाइएको छ । यस तथ्यांकमा सिभिलको हालसम्म दाबी पेश गरेका बचतकर्ताको मात्रै तथ्यांक समावेश गरिएको छ । समस्याग्रस्त पाँच सहकारीमा ६८ अर्ब ९० करोड ३८ लाख रुपैयाँ बचत जोखिममा परेको छ ।

# बासुदेव मार्ग र चुनियाँ-नामटार सडक स्तरीकरण गर्न प्राविधिक मूल्यांकन

साझाकुरा संवाददाता



हेटौंडा, २ फागुन/ मकवानपुरको दुईवटा सडकह मकवानपुरगढीको वासुदेव मार्ग र कैलाश गाउँपालिकाको सदरमुकाम प्रवेश गर्ने सडक चुनियाँ-नामटार सडकको स्तरिकरणको आगि १२ करोडको स्थलगत सर्वेक्षण र स्टिमेट गर्ने कार्य सम्पन्न भएको छ ।

चालू आर्थिक वर्षमै चुनियाँ-नामटार सडकमा २ करोड १५ लाख ४६ हजार रुपैयाँ र सहिद वासुदेव मार्गमा १ करोड ६२ लाख रुपैयाँ बजेट विनियोजन भइ ठेक्का आह्वान भइ चुनियाँ-नामटार सडकमा काम भइरहेकोछ । वासुदेव मार्गमा काम सम्पन्न भइसकेको छ । केही दिन अगाडि मात्रै एमाले नेता एवम् मुख्यसचेतक महेश बर्तौलाले आफ्नो सामाजिक संजालमार्फत दुवै सडकको लागि चालू आर्थिक बर्षमै ६/६ करोड थपिएको जानकारी दिएका थिए ।

बिहिबार नै बर्तौलाको स्वकीय सचीव आशिष अस्लामी सडक डिभिजन हेटौंडाका प्राविधिक टोली सहित फिल्डको सर्वेक्षणका लागि पुगेका थिए । आज शुक्रबार टोली मकवानपुरगढीको सहिद वासुदेव मार्ग पुगेका हुन् । भीमफेदी गाउँपालिकाको ९ नम्बर वडाअध्यक्ष प्रकाश पुडासैनीका अनुसार गत आवमा संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १ करोड बजेट मार्फत चुनियाँ गुम्बासम्म कालोपत्रे भएको छ ।

चालू आर्थिक वर्षमा विनियोजित बजेटले लागेको ठेक्कामार्फत अगाडि काम भइरहेको छ । ६ करोडबाट यसै वर्ष सडक कालोपत्रे, घुम्ती सुधार, संरक्षण वालको काम सक्दै नामटारको बजार सम्म काम हुने जनाइएको छ । मकवानपुरगढीमा पनि सबै ठाउँमा ७ मिटर चौंडा स्ल्याब ढलान हुनेछ । ६ करोड बजेटले विभिन्न ठाउँमा ह्युमलाइप राख्ने, कल्भर्ट बनाउने तथा सडक स्ल्याब ढलानको कार्य गरिने मक्वानपुरगढीका पूर्वअध्यक्ष बिदुर हुमागाईंले जानकारी दिए ।

# निजी अस्पतालमा मधेश सरकारको अनुगमन जारी

जनकपुरधाम, २ फागुन/ मधेश प्रदेश सरकारले जनकपुर धाममा रहेका निजी अस्पतालको अनुगमनलाई शुक्रबार पनि निरन्तरता दिएको छ । मुख्यमन्त्री सतिशकुमार सिंह र स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधनप्रसाद सिंहको नेतृत्वको अनुगमन टोलीले शुक्रबार थप पाँच निजी अस्पतालमा अनुगमन गरेको छ ।

अनुगनको क्रममा दुई अस्पताल नवीकरण नगरी सञ्चालन गरेको तथा अन्य दुई अस्पतालमा आवश्यक कागजात नरहेको भेटिएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । रेल्वे स्टेशननजिक रहेको ५० बेडको जनकपुर सिटी हस्पिटल र धनुषा अस्पताल दर्ता रहे पनि नवीकरण फेल भएको पाइएको छ । सिटी अस्पतालमा कार्यरत कर्मचारीको तलब विवरण तथा कानुनअनुसार गरीब, दलित र सीमान्तकृतलाई दिइने छुटसम्बन्धी विवरणसहित आइतबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको छ ।

धनुषा अस्पताल पनि नवीकरण नरहेकाले विवरण लिएर उपस्थित हुन मुख्यमन्त्री सिंहले निर्देशन दिएका हुन् । यस्तै, कदमचोकस्थित न्युरो सेन्टर र विनयतारा फाउन्डेसन क्यान्सर अस्पतालले अनुमति लिएको कागजात देखाउन नसकेकाले आइतबार कागजात लिएर उपस्थित हुन मुख्यमन्त्रीले निर्देशन दिएका छन् । अनुगमनका क्रममा मुरलीचोकस्थित जनकपुर न्युरो अस्पताल भने दर्ता रहेको पाइएको छ ।

# भारतले १०० घण्टामा १०० किमी द्रूतमार्ग बनाउँछ, नेपालले प्रतिदिन १ किमी सडक

काठमाडौं, २ फागुन/ छिमेकी भारतले १०० घण्टामा १०० क्लिोमिटर एक्सप्रेस वे बनाएर विश्व रेकर्ड कायम गरेकोछ । तर, नेपालमा भने चालु आर्थिक वर्ष २०८१/८२ मा प्रतिदिन औसत जम्मा १.३१ किलोमिटरका दरले सडक कालोपत्रे भएको पाइएको छ । यसअघि प्रतिदिन ५ किलोमिटरका दरको रफ्तारमा हुने सडक कालोपत्रे यस वर्ष घटेको स्वयम् सरकारी निकायले स्वीकार गरेका छन् । भौतिक योजना तथा यातायातमन्त्री देवेन्द्र दाहालले शुक्रबार माघ मसान्तसम्मको प्रगति विवरण सार्वजनिक गरेका छन् ।

उनका अनुसार यस वर्ष ७ महिना (साउन-माघ)मा कालोपत्रे स्तरको नयाँ सडक २ लेनमा २४६ किलोमिटर र २ लेनमाथिको सडक ३०.५८ किलोमिटर निर्माण भएको छ । यस अनुसार हरेक दिन औसतमा १.३१ किलोमिटर मात्र सडक कालोपत्रे भएको देखिन्छ । मन्त्री दाहाल समग्र अर्थतन्त्रमा देखिएको सुस्तताको असर सडक निर्माणको गतिमा पनि देखिएको बताउँछन् । उनी भन्छन्, 'कुनै बेला प्रतिदिन ५ किलोमिटरसम्म कालोपत्रे भएको अवस्था पनि थियो, अहिले यो रफ्तार कम भएको छ ।'

सडक कालोपत्रेको गति आवको बाँकी अवधिमा बढ्ने दाबी मन्त्रालयका सचिव केशवकुमार शर्माको छ । 'एक त अहिले सडकहरु विगतको तुलनामा फराकिलो भएका छन्, त्यसले लम्बाईको गति कम भएको छ,' उनी भन्छन्, 'तर, अहिले सुस्त देखिएको गति अबको बाँकी अवधिमा बढ्छ ।' आर्थिक वर्षको सुरवाती महिनामा भौतिक निर्माणतर्फको काम कम हुने भएकाले समेत कालोपत्रे सडक निर्माणको गति अपेक्षित नबढ्ने उनको भनाइ छ ।

सडक विभागका महानिर्देशक रामहरि पोखरेल भुक्तानीको समस्या निर्माणमा देखिँदा सडक निर्माणले गति लिन नसकेको बताउँछन् । गत वर्षको दायित्व चालु आवमा सरेर आउनु र सो फरफारकमा बढी ध्यान केन्द्रित गर्दा यस वर्षको निर्माण प्रभावित भइरहेको उनी बताउँछन् । अर्थ मन्त्रालयका अनुसार गत आवसम्मको सिर्जित दायित्व भौतिक मन्त्रालयसहितका मन्त्रालयमा २८ अर्ब ५१ करोड ९० लाख भुक्तानी दिन बाँकी थियो । त्यसमध्ये ६ महिनामा २२ अर्ब २२ करोड ८९ लाख भुक्तानी गर्न स्रोत व्यवस्थापन गरिसकिएको छ ।

मन्त्रालयले चालु आवमा १ खर्ब ५० अर्ब ५३ करोड रुपैयाँ बजेट कार्यान्वयन गरिरहेको छ । यसमध्ये ७ महिनामा २८.१५ प्रतिशत बजेट खर्च गरेको छ । यस वर्ष मन्त्रालयले चालुतर्फ ७ अर्ब ४८ करोड ६३ लाख र पूँजीगततर्फ १ खर्ब ४३ अर्ब ४ करोड रुपैयाँ बजेट कार्यान्वयन गरिरहेको छ । सडक विभागका अनुसार नेपालमा राणा शासनकालबाटै औपचारिक रुपमा सडक निर्माण सुरु भएको थियो ।

राणा कालमै ३७६ क्लिोमिटर सडक निर्माण भएको इतिहास छ । त्यसयता सडकको लम्बाईले १ लाख २ हजार क्लिोमिटर पार गरे पनि गत असारसम्म कालोपत्रे सडकको लम्बाई ७ हजार ८ सय किलोमिटर मात्रै छ । चार लेन वा सो भन्दा बढी लेनको कालोपत्रे सडक असारसम्म ४ सय किलोमिटर रहेको तथ्यांक छ ।

*(स्रोत: अनलाइनखबर)*

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७००००५०० | समिर खड्का | बकैया-०४, मकवानपुर |
| २ | PLI१५७००००१२९ | दिनेश रिजाल | हटिया-०३, मकवानपुर |
| ३ | PLI१५७०००६५९८ | रामबोल हटुवाल | हेटौंडा-०३, मकवानपुर |

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुटुने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना